# प्रेस विज्ञप्ति

**२०८० मंसिर १२**

## जाजरकोट भूकम्पपीडित सुत्केरी शर्मिला चदरासमेत ११ जनाको चिसोबाट मृत्यु भएकोप्रति जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण

२०८० साल कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्र बनाएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट १५४ जनाको मृत्यु भएको र त्यस प्राकृतिक प्रकोपबाट ज्यान बचाउन सफल भएका त्यस क्षेत्रका नागरिकमध्ये एक महिनाकी सुत्केरी शर्मिला चदरा सहित ११ जनाले ज्यान गुमाउन पुगेको समाचारप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

जुनसुकै प्राकृतिक प्रकोपमा पनि उद्धार र सुरक्षा सूचीको पहिलो प्राथमिकतामा सुत्केरी, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्त नागरिक पर्दछन् । तर जाजरकोटको नलगाड नगरपालिका तल्लोसिमाकी २५ वर्षीया शर्मिला चदरा लगायत अन्य ११ जना राज्यको कमजोर व्यवस्थापन तथा संवेदनाविहीन उद्धार रणनीतिका कारण बाँच्न पाउने संवैधानिक हकबाट वञ्चित हुनु दुःखद एवं निन्दनीय छ ।

राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू तथा सांसदहरू भूकम्पप्रभावित क्षेत्रमा शुरूमै पुगे पनि हालसम्म उनीहरूले जाडोको यस मौसममा भूकम्पपीडितले ज्यान जोगाउन सक्ने गरी उपयुक्त सामग्री व्यवस्था गर्न सकेनन् । विशेषगरी सुत्केरी तथा कमजोर शारीरिक स्थितिमा रहेका नागरिकका लागि समुचित व्यवस्था नहुँदा राज्यको सर्वोच्च तथा शक्तिशाली पदमा रहेका व्यक्तिहरूले त्यहाँ गरेका बाक्लो भ्रमणको औचित्यमाथि गम्भीर प्रश्न उठेको छ ।

यस दुःखद घटनाले नेपालको संविधानले प्रत्याभूत गरेका बाँच्न पाउने, आवास, स्वास्थ्य, बालबालिका, जेष्ठ नागरिकका साथै सामाजिक सुरक्षाका हक लगायतका मौलिक हक तथा विद्यमान राष्ट्रिय कानून र संयुक्त राष्ट्रसंघको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्षराष्ट्र रहेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, बालबालिका सम्बन्धी महासन्धि एवं पीडितको पर्याप्त मानवीय सहायता पाउने अधिकार समेतको उल्लंघन गरेकोमा निगरानी समिति खेद प्रकट गर्दछ ।

साथै, राज्यको गैरजिम्मवारी र लापरवाहीका कारण यस जाडोको मौसममा त्यस क्षेत्रका नागरिकले थप पीडा तथा अकालमै मृत्युवरण गर्न नपरोस् भनी निगरानी समिति आग्रह गर्दछ । भूकम्पप्रभावितहरूलाई तत्काल न्यानो र सुरक्षा साथ बस्ने तथा उपयुक्त खाद्य व्यवस्था सहितको मानवीय सहायताको अधिकारको

प्रत्याभूति गरी राज्यले तिनको पीडालाई आत्मसात गरेको अनुभूति दिन नेपाल सरकार समक्ष निगरानी समित जोडदार अपिल गर्दछ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट**

**चरण प्रसाइँ, संयोजक**

**सम्पर्क : विकास बस्नेत ९८५११६९८२२**